# कृष्णनगर

# राजपत्र

## कृष्णनगर नगरपालिकाद्वारा

## प्रकाशित

खण्ड-५  अतिरिक्तांक-९  मिति : २०७९/०३/३०

## भाग १

# कृष्णनगर नगर शिक्षा ऐन, २०७९

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थाको विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र

विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहमा स्थापना हुने तथा स्थापना भई सञ्चालन भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी शिक्षा तथा सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन २०७४ को दफा १०२ (१) बमोजिम कृष्णनगर नगरपालिकाको नगरसभाले यस नगर शिक्षा ऐन स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

क) यस ऐनको नाम 'कृष्णनगर नगर शिक्षा ऐन-२०७९ रहेको छ ।

ख) यो ऐन कृष्णनगर नगरपालिका भर लागू हुनेछ ।

ग) यो ऐन कृष्णनगर नगर सभाले पास गरे पश्चात लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस-ऐनमा,

क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्दछ ।

ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्दछ ।

ग) "नगरपालिका" भन्नाले कृष्णनगर कार्यपालिकालाई सम्झनुपर्दछ ।

घ) "नगर सभा" भन्नाले कृष्णनगर नगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ ।

ङ) “समावेशी शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनुपर्दछ ।

च) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्दछ ।

छ) “प्राविधिक तथा व्यवसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्दछ ।

ज) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भइ अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

झ) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

ञ) “शिक्षक” भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनुपर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

ट) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्दछ ।

ठ) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

ड) “स्वीकृति” भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

ढ) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

ण) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिको नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्दछ ।

त) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

थ) “प्रारम्भिक बाल शिक्षा” भन्नाले पाँचवर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनुपदर्छ ।

३. **शिक्षाको माध्यम :**

१)विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ ।

क) आधारभूत तह (कक्षा १ देखि ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ ।

ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**४. विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने:**

१) कुनै नेपाली समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्दा वा चाहेमा तोकिएको विवरण खुलाई वार्ड समितिको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा ३ महिना अगावै नगरपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगर शिक्षा समितिबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समतिको सिफरिसमा तोकिएको अधिकारीले शैक्षिक सत्र सुरुहुनुभन्दा कम्तिमा ३० दिन अगावै अनुमति दिनेछ ।

३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुको कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

४) उपदफा १ बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ

गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन आधारभूत तह देखि माध्यमिक तहसम्म नगर शिक्षा समितिकोसिफारिसमातोकिएको अधिकारीले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

५) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदात्वय दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

ख) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने

आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

ग) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

घ) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने ।

७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तहदेखि माध्यमिक तहसम्म नगर शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रदान गर्न सक्नेछ ।

८) उपदफा (७) बमोजिम सञ्चालित विद्यालयले पालनागर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

९) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएता पनि विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर कानूनले तोकेको प्रक्रिया पुरा गरी माग भएमा स्वीकृति दिन बाधा पर्ने छैन ।

१०) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ । संस्थागत विद्यालयको शुरु अनुमति तथा थप

अनुमति तथा कक्षा थप अनुमति को लागि तोकिए बमोजिम दस्तुर तथा धरौटी लाग्ने छ ।

११) नगरपालिकाले आधारभूत तह अन्तर्गत प्रारम्भिक बालशिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

५. **अनुमति वा स्विकृति रद्द गर्ने :** कुनै संस्थागत बिद्यालयले यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बिपरित अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्ता बिद्याललाई प्रदान गरेको अनुपति वा स्विकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्विकृति रद्ध गर्नु अधि सम्बन्धित बिद्यालयलाई आप्नो सफाई मौका दिईनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

६. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको कामगर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

७. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नामपरिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

नगरपालिकाले हाल सञ्चालनमा रहेका बिद्यालयहरुलाई दुरी, बिद्यार्थी सख्या गुणस्तरीयता, संचालन क्षमताका आधारमा गाभ्न, एक ठाँउबाट अर्को ठाँउमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्वक क्षेत्रमा खोल्न अनुति वा स्विकृति दिन वा

नाम परिवर्तन वडा समितिको सिफारिमा नगर शिक्षा समितिले निर्णण गर्न सक्नेछ ।

८. **नगर शिक्षा समिति सम्बन्धी व्यवस्था** : नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वयन लगायतका कार्य गर्नका लागी देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ :

क) नगर प्रमुख - अक्ष्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामुदायिक बिद्यालयका बिद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको १ - सदस्य

ङ) सामुदायिक बिद्यालयका प्रधानाध्यापकहरु मध्ये बाट २ र संस्थागत बिद्यालयबाट १ गरि नगर शिक्षा समितिबाट मनोनित जम्मा ३ जना- सदस्य

च) धार्मिक बिद्यालयका प्रधानाध्यापक/संचालकहरुमध्येबाट नगर प्रमुखले तोकेको १ जना- सदस्य

छ) नगर क्षेत्र भित्रका प्राज्ञिक तथा बौद्धिक व्यक्तित्व मध्येबाट कम्तिमा १० बर्ष शिक्षा क्षेत्रमा कार्य अनुभव भएका सेवानिवृत व्यक्तिहरुमध्येबाट नगर प्रमुखले तोकेको १ जना- सदस्य

ज) नगर सभाका सदस्यहरुमध्ये कम्तिमा १ जना महिला सहित नगर प्रमुखले तोकेको २ जना - सदस्य

झ) नगरपालिका क्षेत्र भित्रका स्थायी शिक्षकहरुमध्येबाट

माध्यमिक तहमा कम्तिमा ५ बर्षको अनुभव भएको नगर शिक्षा समितिले मनोनित गरेको शिक्षक १ जना - सदस्य

ञ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**९. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्थाः**

१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएको कम्तीमा २ जना महिला सहित ४ जना - सदस्य

ख) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनीत गरेको १ जना - सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित २ जना - सदस्य

घ) बिद्यालयका शिक्षकहरुले आफुहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

ङ) बिद्यालका प्रधानाध्यापक - सदस्य सचिव

२) बिद्यालयका व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु

मध्येबाट छनोट भएको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

३. उपदफा १ (क) बमोजिम छनौट हुने अभिभावकहरुमा सो बिद्यालयमा अध्ययनरत बालबिकास कक्षाका बिद्यार्थीका अभिभाबक समेत रहन सक्नेछन ।

४. बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागी वा अक्ष्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठसदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५. उपदफा १ बमोजिम गठित अध्यक्ष र सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ ।

६. विद्यालय व्यवस्थापन समितिले बैठक संचालन सम्बन्धि कार्यविधि आफै बनाउन सक्नेछ ।

७. कुनैपनि सामुदायिक बिद्यालयमा कुनै कारणवशं उपदफा १ बमोजिमको बिद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा नयाँ समिति गठन नहुन्जेलसम्मका लागी उक्त समितिको कामकाजहरु नगर शिक्षा समितिको सिफारिस तथा निर्णय बमोजिम हुनेछ ।

१०. **सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) विद्यालयलाई आवश्यक आर्थिक स्रोत जुटाउने ।

ख) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

ग) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षागर्ने ।

घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्यांक र विवरण अद्यावधिक गराई राख्ने ।

ङ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको नगरपालिकालाई जानकारी दिने ।

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

छ) स्वीकृत दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्नको लागि नगर कार्यपालिकामा अनुरोध गर्ने ।

ज) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने ।

झ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

ञ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

ट) प्रचलित कानून र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीबा लागि सिफारिस गर्ने ।

ठ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक, जातीय भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

ड) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा,

शर्त, सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सविधा व्यवस्थ ागर्ने ।

ढ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

ण) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीहरुलाई हाजिर गराई काममा लगाउने।

त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**११. शिक्षक अभिभावकसंघ सम्बन्धी व्यवस्था :**

१) सामुदायिक विद्यालयमा तपसिल बमोजिमको अभिभावक शिक्षक संघ गठन गरिनेछ :

क) विद्यालयका अभिभावकहरुको भेलाबाट छनौट गरेको व्यक्ति - अध्यक्ष

ख) अभिभावकले आफुहरु मध्येबाट छानी पठाएका कम्तीमा २ जना महिला सहित ४ जना- सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एक जना -सदस्य

घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना - सदस्य सचिव

२) उपदफा १ बमोजिम गठन भएको शिक्षक अभिभावक संघको बैठकमा वि.व्य.स. अध्यक्ष, प्रधानाध्यापक वा बाल क्लबको अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा बोलाईनेछ । गठित समितिको पदावधि ३ (तीन) वर्षको हुनेछ ।

**१२. नगरपालिकाले शिक्षक दरबन्दी निर्धारण गर्ने :**

१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको दरबन्दी निर्धारण नगरपालिकाले गर्नेछ ।

२) नगरपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

३) उपदफा २ बमोजिम नियुक्ति भएको शिक्षकको सेवा सुविधा नगरपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ ।

४) शिक्षक कर्मचारीको दरबन्दी निर्धारण, मिलान तथा विद्यालय समायोजन सम्बन्धमा नगर शिक्षा समितिले आवश्यक कार्यविधि तयार गरी लागु गर्नेछ ।

**१३. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता :**

शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**१४. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः

क) तोकिए बमोजिमका पदीय दायित्व र आचरण पूरा नगरेमा,

ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुन व्यवसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

छ) निजले अध्यापन गरेको विषयमा तीन वर्ष भित्रको औषत शैक्षिक उपलब्धी ५० प्रतिशत भन्दा कम भएमा ।

२) उपदफा १ बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ ।

**१५. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

१) दफा १४ मा उल्लेख भएका कुनै वा केहीआरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम सेवामा पुनः बहाली हुन सक्नेछ ।

२) उपदफा १ बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनः बहाली भएको मिति सम्मको

पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

१६. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** :दफा १९ मा उल्लेखित अवस्थामा नियमानुसार वा विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

१७. **स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले पनि कुनै देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

१८. **विद्यालयका शिक्षक, कर्मचारी तथा बालशिक्षकको नियुक्ति सम्बन्धी व्यवस्था :**

१) विद्यालयमा रिक्त शिक्षक, कर्मचारी तथा बालशिक्षक पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहाय बमोजिम छनौट समितिबाट हुनेछः

क) बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

ख) नगरपालिकाको शिक्षा अधिकृत - सदस्य

ग) विषयगत विज्ञ मध्येबाट नगरपालिकाले तोकेको १ जना- सदस्य

घ) विषयगत विज्ञ मध्येबाट व्यवस्थापन समितिले तोकेको १ जना - सदस्य

ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) शिक्षक व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि नगरशिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१९. प्रधानाध्यापक सम्बन्धी व्यवस्था :**

१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

क) सामुदायिक विद्यलयमा प्रधानाध्यापक नियुक्ति गर्नको लागि माध्यमिक तहमा स्थायी र स्नातकोत्तर उपाधि प्राप्त शिक्षकहरु मध्ये बाट र आधारभूत तहमा स्नातक उपाधि प्राप्त शिक्षकहरुमध्येबाट प्रतिष्पर्धाको आधारमा नियुक्ति गरिनेछ । यदि उपरोक्त बमोजिमको योग्यता तथा सम्बन्धित तहमा स्थायी शिक्षक नभएमा विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट प्रतिष्पर्धाको आधारमा नगर शिक्षा समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्न सक्नेछ ।

ख) प्रधानाध्यापक पदमा प्रतिष्पर्धा गर्न चाहने शिक्षकले पाँच वर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्ने छ ।

ग) प्रधानाध्यापकको अवधी ५ वर्षको हुनेछ ।

घ) विद्यालयको व्यवस्थापकीय नेतृत्य तथा शैक्षिक गतिविधिमा कर्मचारी तथा प्रशासनीक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

ङ) निजले पेश गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले सो जिम्मेवारीबाट मुक्त गर्न सक्नेछ। तर जिम्मेवारीबाट हटाउनु पूर्व सम्बन्धित प्रधानाध्यापकलाई एक पटक स्पष्टीकरणको मौका भने दिईनेछ ।

च) कुनै कारणवश उपदफा (२) बमोजिम प्रधानाध्यापकको नियुक्ति हुन नसकेमा अर्को व्यवस्था नभए सम्मका लागी बिद्यालय व्यवस्थापन समितिले उपलब्ध भएसम्म सोहि बिद्यालयको उच्च तहको बरिष्ठतम् स्थायी शिक्षकलाई निमित्त प्रधानाध्यापकका लागी सिफारिस गर्नुपर्नेछ ।

३) प्रधानाध्यापक नियुक्ति सम्बन्धी अन्य व्यवस्था नगरशिक्षा समितिले बनाएको कार्यविधि अनुसार हुनेछ ।

**२०. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था :**

१) विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकले सम्बन्धित स्थानीय तहभित्रको कुनै विद्यालयमा सरुवा हुन चाहेमा तोकिएको विवरण सहित नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

२) उपदफा १ बमोजिम निवेदन पर्न आएमा नगरपालिकाले सरुवा हुने चाहेको शिक्षकको निवेदनको आधारमा रिक्त पद, विषय आदि मिलेमा सम्बन्धित स्थानीय तह भित्र सरुवा गर्न सक्नेछ ।

३) एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा हुनेको लागि भने सम्बन्धित बिद्यालयको व्यवस्थापन समितिको निर्णयको आधारमा कक्षा सञ्चालनमा बाधा नपर्ने देखिएमा स्थानिय तहले सहमति दिन सक्नेछ ।

४) उपदफा १, २ र ३ मा जेसुकै लेखिएतापनि देहायका अवस्थामा दरबन्दीका शिक्षकलाई पठन पाठनमा बाधा नपर्ने गरि नगर शिक्षा समितिले नगरपालिकाको क्षेत्र भरि सरुवा गर्न सक्नेछ ।

क) कुनै शिक्षक उपर सिकाईमा बारम्बार लापरबाहि गरेको, कक्षामा नियमितता नभएको र आचरण सम्बन्धि गुनासो आएमा र अनुगमनबाट सो को पुष्टि भएमा

ख) नगरपालिकाले गरेको निरिक्षण अनुगमनका आधारमा कार्यसम्पादनमा कमि कमजोरी भएको ठहर नगरशिक्षा समितिले गरेमा

५) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

**२१. दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी व्यवस्था :**

१) नगरशिक्षा समितिबाट आवश्यक कार्यविधि तयार गरी नगरपालिका भित्रको दरबन्दी मिलान तथा विद्यालय समायोजन गरिनेछ ।

२) दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्य शैक्षिक सत्रको अन्त्यमा गरिनेछ ।

२२. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्था :**
शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागु भएको कानुन बमोजिम हुनेछ ।

२३. **तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :** शिक्षकलाई नेपाल सरकारको  नीति तथा स्थानीय तहबाट निर्धारण  तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२४. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले आवश्यकता अनुसार तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

२५. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण :**

१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई

व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्र छात्राको लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयम प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाई सेनेटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२६. **विद्यालयको सम्पत्ति :**

१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बिखन बेच गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षाकोषमा जम्मा गर्नेछ ।

२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

**२७. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण व्यवस्थापन :**

१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

२) विद्यालयकको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ ।

**२८. विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक :**

१) बिद्यालयले संघिय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

२) नगरपालिकाले आप्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा १ले बाधापुर्‍याएकोमानिने छैन ।

३) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धित अन्य व्यवस्था संघिय कानुन र प्रदेश कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**२९. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :**

१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्नेछ ।

२) विद्यालयले बालक्लब, तथा वातावरण मैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, साहित्यक क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

**३०. संस्थागत विद्यालयको व्यवस्थापन समिति :**

१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायकासदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनीत

ख) अभिभावकहरुमध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुई जना

ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरु मध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको एकजना

घ) सम्बन्धित क्षेत्रको स्रोत व्यक्ति

ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एक जना

च) विद्यालयको प्रधानाध्यापक

२) उपदफा (१) को क, ख र ग बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नोपद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउन अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**३१. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन नगर्ने,

ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने

ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने

ङ) विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमका पाठ्यक्रम अनिवार्य रुपमा लागु गने,

च) अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा श्रम ऐनलाई आधारमानी तोक्ने,

ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरुको पालना गर्ने,

ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था** : संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

३३. **अनुमति वा स्वीकृति रद्द गर्ने** : कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बने नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**३४. आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था**

१) आधारभूत शिक्षाको कक्षा ८ को अन्त्यमा हुने परीक्षाको नगरपालिका स्तरीय हुनेछ ।

२) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धि सम्पुर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिनेछ ।

क) शिक्षा शाखा प्रमुख - संयोजक

ख) आधारभूत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु मध्येबाट नागरशिक्षा समितिले मनोनित ३ ( सामुदायिक प्र.अ. बाट २ र संस्थागत प्र.अ. बाट १) - सदस्य

ग) संयोजकले तोकेको कर्मचारी वा शिक्षक - सदस्य सचिव

**३५. कक्षा १० र १२ को वार्षिक परीक्षा**

कक्षा १० र १२ को वार्षिक परीक्षा बोर्डले तोके बमोजिम हुनेछ ।

**३६. अनुदानको व्यवस्था**

१. यो ऐन प्रारम्भ हुदाँका बखत दिदैं आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको आधारमा नगरपालिकाले सामुदायिक बिद्यालयलाई अनुदान दिनेछ । तर कुनै बिद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता बिद्यालयालाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

२. सामुदायिक बिद्यालयमा तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

३. नगरपालिकाले प्रारम्भिक बालबिकास केन्द्र र सामुदायिक सिकाई केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**३७. लेखा व्यवस्थापन**

१) सबै बिद्यालयमा प्रचलित कानुन अनुसारको ढाँचामा आय-व्ययको लेखा व्यवस्थापन गर्नुपर्नेछ ।

२) बिद्यालको नियमित कारोबारको लेखा राख्न वेग्लै लेखा शाखाखडा गरी कुनै शिक्षक वा कर्मचारीलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

**३८. सामुदायिक विद्यालयको खाता संचालन**

१) बिद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

२) माध्यमिक तहको सामुदायिक बिद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ र आधारभूत तहको बिद्यालयको खाता प्रधानाध्यापक र बिद्यालय व्यवस्थापन समिति अध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

**३९. लेखा परीक्षण तथा सामाजिक परीक्षण :**

१) सबै बिद्यालयहरुले नियमित रुपमा आर्थिक बर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्टर्ड वा लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

२) लेखा परीक्षण प्रतिवेदन लेखापरीक्षण समाप्त भएको १५ दिन भित्र नगरपालिकामा पेश गर्नु पर्नेछ ।

३) प्रत्येक बर्ष बिद्यालयले सामाजिक परीक्षण गरी बिद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, बिद्यालयको आन्तरिक गतिबिधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

**४०. शुल्क सम्बन्धी व्यवस्था**

१) नेपाल सरकारले निशुल्क शिक्षा घोषणा गरेको बिद्यालय शिक्षाका लागी सामुदायिक बिद्यालयले बिद्यार्थीको नाममा कुनै शुल्क लिन पाउने छैन ।

२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि अभिभावकले आप्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग बिद्यालयले लिन सक्नेछ ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागी नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

४) शुल्क सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**४१. बिद्यालयलाई छुट र सुविधा :**

१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक बिद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत बिद्यालयको नाममा जुनसुकै लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

२) उपदफा १ मा लेखिएदेखि बाहेक अन्य बिद्यालयको नाममा कुनै लिखित पारित गर्दा नेपाल सरकारले

तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

३) सामुदायिक बिद्यालय र शैक्षिक गुठीकोरुपमा सञ्चालित संस्थागत बिद्यालयहरुलाई दिईने छुट र सुबिधा तोकिएबमोजिम हुनेछ ।

४२. **प्राबिधिक तथा व्यवसायिक शिक्षा** : नगरपालिका क्षेत्र सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका साथ सि.टि.इ.भिटी कार्यक्रम निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

४३. **खुल्ला तथा विशेष शिक्षा** : नगरपालिकाभित्र खुल्ला तथा विशेष शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने, केन्द्रको निर्देशनको आधारमा हुने ।

४४. **विद्यालयको विधानः**

१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

२) अभिभावक सभाले विधान आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ । विधान विद्यालयको सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

**४५. नगरपालिकाले निर्देशन दिन सक्ने :**

१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

२) उपदफा १ बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**४६. विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने :**

१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजन गर्न तथा विद्यालयभित्र कुनै किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति क्षेत्रको रुपमा घोषणा गरी सो अनुरुप कार्यान्वयन गर्नु पर्नेछ ।

२) उपदफा १ बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**४७. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नपाइने:**

१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**

१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

२) उपदफा १ बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४९. स्थानीय शिक्षा विकास कोष :**

१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका विपन्न, प्राकृतिक प्रकोप पीडित र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र शिक्षकलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्नेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ ।

क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान

ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन नगरपालिकाको प्रमुख वा निजले तोकेको नगर शिक्षा समितिको सदस्य, शिक्षा हेर्ने

कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

**५०. दण्ड सजाय :**

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

३) कानून बमोजिम कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्न अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी

अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

५१. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

५२. **नियम बनाउने अधिकारः**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यबिधि बनाई लागू गर्न सक्नेछ ।

५३. **संक्रमणकालीन व्यवस्था :**

१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर शिक्षा समितिले दिन सक्नेछ ।

५४. **बाधा अडकाउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै अड्काउ बाधा परेमा स्थानीय सरकार नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगरकार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

५५. बचाउ र लागू नहुने :

१) यो ऐन वा यस ऐन अन्तर्गत बेनका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

३) संविधानसँग बमोजिम यस ऐनका दफा तथा उप दफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

४) यस अघि कानुन बमोजिम नियुक्त भएका शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारले दिइँदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन ।

**आज्ञाले**

**रजत प्रताप शाह**

**नगर प्रमुख**

प्रमाणिकरण मिति : २०७९/०३/३०